गढीमा खानेपानी आयोजना उद्घाटन । पृष्ठ ४ मा

विकास खबरपत्रिका राष्ट्रिय साप्ताहिक

कार्यालय:
थाहा नगरपालिका-८
मकवानपुर
सम्पर्क नं.
९८०७१५३३००
इमेल:
bikaskhabar@gmail.com

प्रेस काउन्सिलबाट 'क' वर्गको मान्यता प्राप्त

# विकास

www.bikaskhabar.com खबरपत्रिका साप्ताहिक



● मकवानपुर, वर्ष-१४, ● अंक-२० ● २०७८ मंसिर १३ गते सोमबार, ● 29 Nov. 2021, ● नेपाल सम्वत्-११४२, ● पृष्ठ-६, ● मूल्य रु. १०/-

# यस्तो छ, चित्लाङ-थानकोट सडकको यथार्थ

कुमार नेगी
थाहानगर

सदियौँदेखिको मूल बाटो, दक्षिणी क्षेत्रको स्वदेशी भूभाग मात्र नभई भारत वर्षको समेत नेपाल खाल्डो छिर्ने मूल ढोका, चिनियाँ यात्री हुयान साङ्को समेत यात्रामार्ग-चित्लाङ-चन्द्रागिरी (गणेशमानसिं मार्ग) । वि.सं.२०१८ सालदेखि स्थानीयले अथक प्रयास गर्दा ट्र्याकसम्म खोल्न सफल भएको अवस्था थियो। थाहानगरलाई काठमाण्डौंको भगिनी सहर बनाउने परिकल्पना गरिरहँदा चन्द्रागिरीको डाँडो छिचोलेर काठमाण्डौंसम्म सरर मोटर गुड्ने सडक बनाउन नसक्नु नै मुख्य चुनौति बनिरहेको थियो ।

२०७० सालमा दोस्रोपटक संविधान सभाको निर्वाचन सम्पन्न भएपछि सभासद बनेका सुभाषचन्द्र ठकुरीको आँखामा यो सडक पर्‍यो । उनकै पहलमा विस्तृत परियोजना प्रतिवेदन तयार भयो । वातावरण प्रभाव मूल्याङ्कन गरी त्यसको प्रतिवेदन पनि तयार भयो । बहुवर्षीय योजनामा समावेश गरी सरकारले पहिलोपटकलाई रू. ३६ करोडको ठेक्का लगायो । तीन खण्डमा काम गर्ने गरी लगाइएको ठेक्काको थानकोट-चन्द्राागिरी खण्डको ट्र्याक खोल्ने ठेक्का किरौँतेश्वर जेभीले पायो। ठेक्का लगाएको चार वर्षसम्म प्रगति हुन नसकेपछि खासगरी थाहानगरका बासिन्दा निकै चिन्तित भए ।

गत वर्ष ११ साउन, २०७७ मा चित्लाङमा तत्कालीन बागमती प्रदेश सरकारका भौतिक पूर्वाधार विकास मन्त्री रामेश्वर फुयालको उपस्थितिमा सरोकारवालाहरूको भेला सम्पन्न भयो। भेलाले प्रदेश सभा सदस्य रमा आलेमगरको संयोजकत्वमा सडक निर्माण सरोकार समिति गठन गर्‍यो । उक्त समितिले सडक निर्माणमा सहजीकरण गर्न संविधान सभा सदस्य सुभाषचन्द्र ठकुरीलाई आग्रह गर्‍यो । ठकुरीले सरोकार समितिको प्रस्ताव स्वीकारे र अगुवाई गरे । समितिको सहजीकरणमा सडक निर्माणले गति लियो ।

१ वर्ष २१ दिन अथक प्रयास गरेपछि गएको दशैंअघि चाडबाडलाई



मध्यनजर गरी सडक संचालनमा ल्याइयो। करिब एक किलोमिटरमा डबल ट्र्याक खोल्न बाँकी थियो। चाडबाडमा तराइसम्मका सयौँ सवारी सोही बाटो भएर ओहोरदोहोर गरे । एक वर्षको अवधिमा सडकको सतह मिलाउने, घुम्ती काट्ने, रेडियस मिलाउने, ग्रेडियन्ट मिलाउनेजस्ता कार्यले सरर मोटर गुड्ने सडक बनेको देख्दा सबै खुशी भए । काठमाण्डौं छिर्ने सबैको रोजाई सोही मार्ग बन्यो ।

गत महिनाको १९ कात्तिकमा अर्थमन्त्री जनार्दन शर्माले चित्लाङ-चन्द्रागिरी सडकमा 'ढुङ्गाको व्यापार' भइरहेको भन्दै त्यसलाई रोक्ने भनी दिएको अभिव्यक्ति विभिन्न सञ्चार माध्यमहरूमा आए। त्यसलाई कतिपयले फेसबुकमार्फत् शेयर पनि गरे । यसले 'ढुङ्गाको व्यापार' भनेर अफवाह फैलाएर सडक नै बन्न नदिने खेल त शुरू गरिएको होइन ? भन्ने प्रश्न उब्जिएको छ र स्थानीय बासिन्दा फेरि अन्धकार युगतर्फ धकेलिने वा बत्ती मुनीको अँधेरोमै रहने होकी भन्ने चिन्तामा छन् ।

### ढुङ्गाको व्यापार : भ्रम र यथार्थ

व्यापार भन्ने शब्दले नाफा आर्जन गर्न वा पैसा कमाउन कुनै बस्तु विक्री गर्ने कार्य जनाउँछ । चित्लाङ-चन्द्रागिरी सडक निर्माणका क्रममा निस्किएका ढुङ्गा बेचेर पैसा कमाउने कार्य कसले गरिरहेको छ ? त्यस्तो ढुङ्गा विक्री गर्नु अघि ढुङ्गा निकाल्ने खानी स्वीकृत भएको छ ? वास्तवमा त्यहाँ ढुङ्गा खानी स्वीकृत भएको छैन। सडक खन्दा निस्किएको ढुंगा व्यापार होइन, लिलाम गरिएको पाइएको छ । वन मन्त्रालयले सडक खन्दा निस्कने ढुङ्गाको परिमाण एकीन गरी सो सडक निर्माणको क्रममा प्रयोग हुने ढुङ्गा बाहेक बढी हुने ढुङ्गाको करिब २३ हजार घनमिटर लिलाम बढाबढ प्रक्रियामा गएर जिल्ला वन कार्यालयले लिलाम गरेको देखिन्छ ।

त्यसरी वन कार्यालयले लिलाम गर्दा वन तथा भूसंरक्षण मन्त्रालय, वन विभाग, महानगरीय प्रहरी वृत्तलाई बोधार्थ दिनुका साथै महान्यायाधिवक्ताको कार्यालय, अख्तियार दुरुपयोग अनुसन्धान कार्यालय लगायतसँग अनुमति लिएको देखिन्छ । जिल्ला वन कार्यालय काठमाण्डौंले ठेकेदार कम्पनी किरौँतेश्वर कन्स्ट्रक्शन एण्ड ड्रिलिङ कम्पनीसँग गरेको सम्झौताको शीर्षक नै 'अन्य वन पैदावार (वोल्डर/ढुङ्गा-गिटी/ग्रावेल) उठाउने सम्बन्धमा भएको करारनामा' भनी उल्लेख गरेको छ । यसरी सरकारले नै लिलाम गरेर ढुङ्गा उठाउने सम्बन्धमा गरेको करारनामा अनुसार ठेकेदार कम्पनीले काम गरिरहेको हुँदा अर्थमन्त्रीले 'ढुङ्गाको व्यापार' भन्ने शब्द प्रयोग गर्दा स्थानीय बासिन्दा आश्चर्यमा परेका छन्। 'यो सब सरकारले नै त गरेको छ, लिलामीको सूचना उसैले निकालेको हो, लिलामीको सम्झौता पनि उसैले गरेको हो, अब सरकारकै अर्थमन्त्रीले यस्तो भन्न मिल्छ?' सडक निर्माण सरोकार समितिले प्रश्न गरिरहेको छ । यसबारे जिल्ला वन कार्यालय काठमाण्डौंले भने लिलामीको ठेक्का सरकारले नै गरेको, त्यसको दोस्रो संशोधित सम्झौता पनि भइसकेको र सोही अनुसार ढुङ्गा उठाउने काम भइरहेको स्पष्ट पार्दै सम्बन्धित निकायलाई बोधार्थ दिइसकेको छ ।

### ढुङ्गाको लिलामी किन ?

सबैलाई विदितै भएको कुरा होकी चन्द्रागिरी एउटा चट्टानी पहाड हो । त्यसैले सो पहाडमा सडक खन्दा ढुङ्गा त निस्किने नै भयो । यसरी निस्किएका ढुङ्गा खस्दा वन मासिन थाले । तलतिर को बस्ती जोखिममा पर्‍यो । ठाउँठाउँमा थुपारिएका ढुङ्गा व्यापक चोरी हुन थाले। संगठितरूपमा ढुगा चोरी निकासी हुन थालेको धेरै दिन नबित्दा एक दिन प्रहरीले चोरी हुँदै गरेको ढुङ्गासहित ट्रिपर पक्डियो। त्यसपछि अनुसन्धान र अध्ययन गर्दै जाँदा सडक खन्ने क्रममा ठूलो मात्रामा निस्किएको ढुङ्गाको वैज्ञानिक व्यवस्थापन र नियमन गर्न नसक्दा व्यापक चोरी भएको र राज्यलाई ठूलो नोक्सान भइरहेको निष्कर्ष निकालियो ।

... बाँकी पेज ५ मा

## सूचना प्रविधि क्षमताको लेखाजोखामा मकवानपुरमा 'थाहानगर' अब्बल

◆ विकास संवाददाता

स्थानीय तहहरूको सूचना प्रविधि क्षमताको लेखाजोखा विधिको मूल्याङ्कनमा मकवानपुरको थाहा नगरपालिकामा जिल्लाकै बढि अंक पाउने पालिका घोषणा भएको छ ।

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले सूचना प्रविधि शाखाले गरेको मूल्याङ्कन प्रतिवेदनमा थाहा नगरपालिकाले ६३ अंक प्राप्त गर्दै जिल्लामै बढि अंक प्राप्त गर्ने पालिका हुन सफल भएको हो । मन्त्रालयले ५ मंसिरमा सार्वजनिक गरेको मूल्याङ्कन प्रतिवेदनमा मकवानपुरका १ नगरपालिका र ४ गाउँपालिकाले आफ्नो मूल्याङ्कनमा सहभागिता जनाएको उल्लेख छ ।

मुल्याङ्कनमा सहभागिता जनाएका थाहा नगरपालिकाले ६३, बकैया गाउँपालिकाले ४८, ईन्द्रसरोवरले ४५, कैलाशले ४० र राक्सिराङले ३६ अंक प्राप्त गरेको प्रतिवेदनमा उल्लेख छ। मूल्याङ्कनमा सहभागी थाहा नगरपालिका बाहेकका अरू चार पालिकाले औषत भन्दा पनि कम अंक पाएका हुन्। मकवानपुरको हेटौंडा उपमहानगरपालिका, भिमफेदी गाउँपालिका, मकवानपुरगढी, बागमती र मनहरी गाउँपालिकाले मुल्याङ्कनमा सहभागिता नै नजनाएको मन्त्रालयको प्रतिवेदनमा उल्लेख छ ।

स्थानीय तहमा सूचना प्रविधिको प्रयोग र यससंग सम्बन्धीत सेवा प्रवाहलाई सक्षम बनाउनका लागि मूल्याङ्कन गरिएको मन्त्रालयले जनाएको छ। मूल्याङ्कन अध्ययनमा विभिन्न ७ क्षेत्रको ५० वटा सूचकहरू प्रयोग गरिएको थियो । पालिकाको सूचकहरूमा पालिकाले स्वतः प्रकाशन गर्नुपर्ने सूचना, प्रकाशन गरे नगरेको, सूचना अधिकारी, गुनासो सुन्ने अधिकारी लगायतको व्यक्तिको विवरण वेभसाइटमा राखिएको नराखिएको, पालिकाको वेभसाइट नियमित अपडेट भए नभएको, सूचना नियमित सार्वजनिकताको अवस्था लगायतको सूचकहरू रहेका थिए ।

मूल्याङ्कनमा ७५३ स्थानीय तहमध्ये ४३४ वटा स्थानीय तहले मात्र मूल्याङ्कनमा सहभागिता जनाएका थिए ।



# • सम्पादकीय •

## विकासमा पुरानै ढर्रा

नेपाली जनतामा विकास र समृद्धिको आकांक्षा तीव्ररुपमा चुलिएको छ। झण्डै सात दशक लामो राजनीतिक द्वन्द्व र अस्थिरताले ल्याएको गरिवी र पछौटेपनका कारण त्यस्तो आकांक्षा स्वाभाविक थियो। जनताको त्यही मनोविज्ञानलाई 'क्यास' गरेर आजभन्दा तीन वर्ष अगाडि साविक नेपाल कम्युनिष्ट पार्टी (नेकपा) ले झण्डै दुई तिहाई नजिकको भारी बहुमत प्राप्त गरेको थियो। तर त्यो बहुमत नेकपा र त्यसको नेतृत्वलाई पचेन। त्यसको परिणाम जनताले देखिसके, भोगिसके । विकास, समृद्धि, स्थिरता र शान्तिका चाहनाहरु यतिबेला निराशामा बदलिन थालेका छन् । यी त भए माथिल्लो तहका राजनीतिका कुरा । माथि बिग्रिएपछि तल सप्रने आशा कति नै गर्न सकिएला। यतिबेला राजनीतिक विभाजन पछिका बाछिटाहरु प्रदेश, स्थानीय तह हुँदै गाउँ–टोलमा पुगेका छन् । विकास बजेट स्थानीय तहसम्म आइपुगेकोले त्यसलाई अत्यधिकरुपमा सदुपयोग र कार्यान्वयन गर्न सकियो भने जनअपेक्षा अनुरुप धेरै काम गर्न सकिन्छ। तर यसतर्फ स्थानीय तहका जनप्रतिनिधिहरुले खासै ध्यान पुऱ्याउन सकेको पाइन्न। माथिल्लो तहमा देखिएको राजनीतिक द्वन्द्वमा रमाएर उनीहरु आफ्नो मूल जिम्मेवारी भुल्न थालेका छन्। अब छिट्टै स्थानीय तहको निर्वाचन हुनेछ र फेरि जनतासामु पुग्नुपर्छ भन्ने यथार्थलाई आत्मसात गर्न सक्नुपर्छ।

मूल जिम्मेवारीबाट पन्छिएर राजनीतिक अस्थिरतामा रमाउने मनोविज्ञान घातक हुनेछ। विकास निर्माणको सवालमा अहिले पनि पञ्चायतकालीन मानसिकता कायम छ। हिजो विकास निर्माणको बजेट स्थानीयस्तरमा निकै न्यून रहने गर्दथ्यो। अहिले त स्थानीय सरकारकै रुपमा साधन, स्रोत र बजेटले सम्पन्न बनाइएको छ। गाउँघरका सानातिना विकास निर्माणका काम गर्न अब प्रदेश र संघको मुख ताक्नु नपर्ने समय आएको छ। यस्तो अवस्थामा विकासको नयाँ मोडेल देखाएर जनताको समृद्धि र विकासमा महत्वपँर्ण योगदान पुऱ्याउने हैसियत एवं सामर्थ्य स्थानीय तहसँग छ। तर धेरै जनप्रतिनिधि र कर्मचारीतन्त्रमा पुरानै मानसिकता हावी छ। असारे विकासको मानसिकताबाट स्थानीय तहहरु नर ाम्ररी गाँजिएका छन्। विभिन्न भेला, गोष्ठी र सञ्चारमाध्यमहरुमा यी विषयहरु उठिरहेका छन् तर सुधार आउन सकेको छैन। चालु आर्थिक वर्षको ५ महिना अवधि पूरा भइसकेको छ। आर्थिक वर्षको आधा अवधिमा आईपुग्दा पनि विकास बजेट अत्यन्तै न्यूनरुपमा खर्च भएको छ। मकवानपुरका धेरै स्थानीय तहहरुमा विकास बजेट खर्चै हुन सकेको छैन। बजेट कार्यान्वयनमा भएको यति व्यापक ढिलाइ र लापरवाहीले विभिन्न आशंकाहरु जन्माउने र प्रश्न उठाउने ठाउँ दिएको छ। यसमा जनप्रतिनिधिहरु गम्भीर बन्न जरुरी छ।

आफै बजेट निर्माण गर्ने, आफै प्राथमिकता निर्धारण गरेर बजेट छुट्याउने र कार्यान्वयन गर्ने अधिकार पाएका स्थानीय तहहरु कार्यान्वयनका सन्दर्भमा गम्भीर हुन सकेनन् भने विकास बजेट दुरुपयोग हुने सम्भावना बढी रहन्छ। विकास निर्माणका सन्दर्भमा असारे मानसिकता अत्यन्तै घातक छ। असारे विकास नेपाली समाजमा धेरै बदनामसमेत भइसकेको छ। हामीले विकासको नयाँ मोडेल स्थापित गर्न सकेको भए असारे विकासको मानसिकता पक्कै विस्थापित हुने थियो। अन्तिम समयमा योजना सम्झौता गर्ने, कागजपत्र मिलाएर भ्रष्टाचार गर्ने पुरानो मानसिकता गणतन्त्रको नयाँ युगमा पनि यथावत रहनु अत्यन्तै दुःखद कुरा हो। यस्तो स्थिति अन्त्य नगर्दासम्म विकास र समृद्धिको नारा सार्थक हुने सम्भावना बिल्कुलै देखिन्न। संघीयता कार्यान्वयनमा आएपनि विकासे प्रक्रिया र काम गर्ने शैली पुरानै ढर्रामा हुनेछ । यसको प्रत्येक्ष असर नागरिकलाई नै पर्छ यसतर्फ जनताको सबैभन्दा नजिकको स्थानीय सरकार चनाखो हुन आवश्यक छ ।


### थाहा नगरपालिकाको शिखरकोट काउण्टरबाट दिवा बस सेवा

| | | |
|---|---|---|
| विहान | ६:१५ | बजे काठमाण्डौ (हाइस) |
| विहान | ६:१५ | बजे हेटौंडा (फोर्स) |
| विहान | ७:१५ | बजे काठमाण्डौ (बस) |
| विहान | ८:00 | बजे हेटौंडा (बस) |
| विहान | ८:१५ | बजे सिमभन्ज्याङ हुँदै काडमाण्डौ (फोर्स) |
| विहान | ९: 00 | बजे काठमाण्डौ (मिनीबस) |
| विहान | ९:00 | बजे हेटौंडा जम्बो हाइस |
| विहान | ९:४५ | बजे काठमाण्डौ फोर्स |
| विहान | १0:१५ | बजे मार्खु, पालुङ हुँदै हेटौंडा (मिनीबर्स) |
| विहान | १0:१५ | बजे काठमाण्डौ(फोर्स) |
| विहान | १0:३0 | बजे हेटौंडा (फोर्स) |
| विहान | ११:१५ | बजे काठमाण्डौ (मिनिबस) |
| विहान | १२:३0 | बजे हेटौंडा (बर्स) |
| मध्यान्ह | १२:३0 | बजे काठमाण्डौ (बस) |
| मध्यान्ह | १:३0 | बजे हेटौंडा (मिनीबस) |
| दिउँसो | १:३0 | बजे पालुङ गोगने पकने (मिनीबस) |
| दिउँसो | १:३0 | बजे काठमाण्डौ (फोर्स) |
| दिउँसो | २:३0 | बजे काठमाण्डौ (फोर्स) |
| दिउँसो | ३:00 | बजे पालुङबाट मार्खु (बस) |
| दिउँसो | ३:३0 | बजे पालुङबाट काठमाण्डौं (बस) |

*थप जानकारीको लागि नारायणी यातायात दिवा बस सेवा तथा टिकट काउण्टर दामन शिखरकोट इन्चार्ज अरुण लामा ९८५५०७२३२२ र नरेन्द्र अधिकारी ९८५५०७०५६१*


### महत्वपुर्ण टेलिफोन नम्बरहरू

| | |
|---|---|
| पालुङ एम्बुलेन्स (चालक) | ९८१४२०७४०१ |
| आग्रा एम्बुलेन्स (चालक) | ९८६०२२३७५५ |
| जनकल्याण उच्च मा.वि. | ०५७-६२०३६४ |
| थाहा नगरपालिका कार्यालय | ०५७-४०००५६ |
| मत्स्यनारायण मा.वि. | ०५७-६२०५१२ |
| ईप्रका पालुङ (प्रमुख) | ९८५५०६९४९९ |
| प्रहरी चौकी फाखेल | ०५७-६९२५१८ |
| जिल्ला प्रशासन मकवानपुर | ०५७-५२०३८८ |
| विद्युत प्राधिकरण पालुङ | ०५७-४०००२९ |

# चित्लाङ उपत्यकाको भाषिक-साँस्कृतिक विविधता

-डा. भीमलाल गौतम

सधैं नेपालका भाषाहरूको अध्ययन-अनुसन्धानको लागि मोफसल र दूरदराजका गाउँबस्ती डुल्ने मलाई यसपटक काठमाडौं उपत्यकासँगै जोडिएको चित्लाङ उपत्यकामा डुल्ने अवसर मिल्यो ।

कीर्तिपुरस्थित एकमात्र सामुदायिक क्याम्पस (शहीद स्मारक कलेज)को अनुसन्धान व्यवस्थापन इकाई (आर एमसी)ले गरेको खर्चको व्यवस्थापनमा म, डा.मधु गिरी र कलेजका प्राचार्य मिलन महर्जनको टोली तिहार शुरू हुनुभन्दा एक हप्ता अगाडि कीर्तिपुरबाटै पैदलयात्रामा निस्कियो । थानकोटको गोदामचौरबाट हाम्रो पैदलयात्रा शुरू भयो । शहरबाट गाउँ छिरेपछि अलि माथि हामीले चित्लाङ जाने छोटो बाटो सोध्यौं । एकजना तामाङ भाइले खोलाबाट पनि जान सकिने बताए र हामी त्यतै लाग्यौं । जाँदा जाँदा हामी विशाल पहिरोमुनि पुग्यौं जहाँबाट माथि जान र फर्किन पनि उत्तिकै कठिन थियो । लगभग दुई वर्ष जतिको कोरोना कहरले जमेको शरीरका सबै पार्टपुर्जाहरू खुले । हाम्रो शरीर पनि शिथिल हुन पुग्यो । माथि पहिरो र भीर तल दलदले माटो बगेको सुख्खा खोलोको बीचबाट घनाबस्तीले भरिएको काठमाडौं खाल्डो हेर्दै माथि चढ्ने निधो गरियो ।

मिलन सर खेलाडी पनि भएकोले छिटो हिंड्नुभयो भने हामी (मधु सर र म) फिल्ड जाने भैटोपलेका थकान र पसिनाले पछि पर्‍यौं । तीनतिरबाट फाटेको पहिरोमा हामीले दाहिनेतिरको जङ्गलको सहारा लिएर माथि चढ्ने काम गर्‍यौं । विना लौरो, विना ट्रेकिङ जुत्ता हिंडेका हामी पहिरोमा पल्टिएका रूख र झाडीको सहारामा भञ्ज्याङको मोटर बाटोमा पुग्यौं । हामीलाई देखेका मोटरसाइकल यात्रीहरू कुरेर बसिरहेका थिए किनकि त्यो मान्छे हिंड्ने बाटो थिएन । जे होस् बाटोमा पुगेपछि हाम्रो प्राणले ऊर्जा पायो र फेरि काठमाडौं उपत्यकाको दृश्य नियाल्दै हामी भञ्ज्याङस्थित चिया-खाजा घरमा पुग्यौं । त्यहाँ चियाखाजा खाएर हामी जङ्गलको छोटो बाटो हुँदै चित्लाङ पुगेर एउटा ऐतिहासिक धारोमा पानी खायौं । महाकवि लक्ष्मीप्रसाद देवकोटाले पानी पिउँदै यात्री कविता लेखेको त्यो धारोदेखि मार्खुसम्मको बाटोलाई यात्री मार्गको रूपमा चिनाउने अभियान शुरू भैसकेको कुरा पनि थाहा भयो ।

चित्लाङस्थित गुर्जुधारा होमस्टेमा खाना खाएपछि हामी बजारको निरीक्षण गर्न गयौं । हामी यो ऐतिहासिक ठाउँको बारेमा जानकारी संकलन गर्ने काममा लाग्यौं । पूर्वमा फाखेल, पश्चिममा बज्रबाराही, उत्तरमा थानकोट तथा दक्षिणमा मार्खुसँग सिमाना जोडिएको चित्लाङ प्राचीनकालदेखि नै तराई र काठमाडौं उपत्यका जोड्ने पैदलमार्गको रूपमा परिचित रहेछ । चिनियाँ यात्री हुएन साङ भारत गएको बेला अंशुवर्माको कृति सुनेर नेपाल आउँदा फर्केको बाटो तथा पृथ्वीनारायण शाहले मकवानपुर विजय गरी गोर्खा राज्यमा फर्किंदा चित्लाङ हुँदै चन्द्रागिरि पार गरी काठमाडौं उपत्यकाको अवलोकन गरेको मुख्य बाटो नै चित्लाङ मार्ग भएको कुरा विभिन्न ऐतिहासिक ग्रन्थहरूमा भेटिन्छ । भाषिक रूपले चित्लाङ उपत्यका प्राचीनकालदेखि नै बहुभाषिक भएको देखिन्छ । यहाँ गोपाली, कपाली, गमाल (उदास), बलामी, मानन्धर , श्रेष्ठ, जोशी लगायत नेवारका विभिन्न थरहरूको प्रमुख बाहुल्य देखिन्छ । खासगर ी बलामीहरू माझगाउँ, कपु गाउँमा बढी भेटिए भने टौखेल र न्हुल गाउँमा गोपालीहरूको बाहुल्य देखियो । यस्तै टुपिखेल, कलाँटु र बिसुंखेलमा गमालहरूको बसोबास भेटियो भने कुश्ले चौरमा कपाली (कुश्ले)हरू बसेको देखियो ।

भाषिक रूपले गोपाली बाहेक अरू सबै नेवारहरूको भाषा लवजमा फरक परे पनि एकअर्कोमा बुझिने रहेछ भने गोपालीहरूको भाषा छुट्टै किसिमको पाइयो । हाम्रो प्रारम्भिक अनुमान (२०० शब्द सूची)मा लगभग ५५ प्रतिशतले फरक भेटियो जुन भाषिक दृष्टिकोणले महत्वपूर्ण मान्न सकिन्छ । छलफलका क्रममा बलामी भाषिका अन्य नेवार भन्दा छुट्टै किसिमले बोलिए पनि बोल्न, सुन्न र बुझ्न सकिंदोरहेछ भन्ने कुरा चित्लाङका कपाली, गमाल, बलामी र अन्य नेवारहरूको कुराकानीबाट थाहा भयो । आफूलाई ग्वालाकै रूपमा हेर्ने गोपालीहरूमा प्रचलित नेवार संस्कृति भन्दा केही फरक चालचलनहरू पनि रहेछन् भने उनीहरूको भाषा नेवार समग्र जाति भएर पनि फरक किसिमले बोलिने गरेको पाइयो । यसबारेमा अलि गहिरो र व्यवस्थित अध्ययनको खाँचो पनि देखिएको छ । जङ्गलको छोटो बाटो हुँदै चित्लाङ पुगेर हामीले एउटा ऐतिहासिक धारोमा पानी खायौं । महाकवि लक्ष्मीप्रसाद देवकोटाले पानी पिउँदै यात्री कविता लेखेको त्यो धारोदेखि मार्खुसम्मको बाटोलाई यात्री मार्गको रूपमा चिनाउने अभियान शुरू भैसकेको कुरा पनि थाहा भयो ।

नेवार बाहेक चित्लाङ उपत्यकामा अर्को ठूलो जनजाति र भाषिक समूह भनेको तामाङ रहेछ जुन हालको एक नम्बर अर्थात् भण्डारखर्क र हात्तीसार क्षेत्रमा रहेको पाइयो । जम्माजम्मी १०६ घरधुरीमा फैलिएका तामाङहरू हालको पाँचौं पुस्ताअघि सिन्धुपाल्चोकबाट बसाइ सरेर आएका रहेछन् । स्याङतान, गोले, बल, घलान, रूम्बा, डिङडुङ, योञ्जन, बम्जन, वाइबा, जिम्बा, थिङ र मोक्तान जस्ता थरहरूमा विभाजित यो सानो गाउँमा बोलिने तामाङ भाषा पश्चिमी भाषिकासँग मिल्ने देखियो । अझ र माइलो कुरा त के देखियो भने त्यहाँ एउटा प्रसिद्ध कालीदेवी मन्दिर रहेछ जहाँ तामाङ पुजारी रहेछन् र सबै तामाङहरू कालीदेवी अर्थात् हिन्दू परम्परालाई विश्वास गर्दा रहेछन् ।

यस कुराको प्रमाणको रूपमा हरेक वर्ष उत्सवको रूपमा मनाइने कालीदेवी मेलामा मारूनी गाना र नाच देखाउने चलन रहेछ जुन केही पुस्ता अगाडि तारासिंह मोक्तानले गोर्खाबाट चित्लाङमा भित्र्याएका रहेछन् । नेपालका अधिकांश तामाङहरू बोन र बुद्ध धर्ममा आस्था राख्ने भएतापनि यहाँका तामाङहरूमा हिन्दू धर्मसंस्कारको गहिरो प्रभाव परेको देखियो । यसबाट अर्को कुरा के अनुमान गर्न सकिन्छ भने उनीहरूले बोल्ने तामाङ भाषा पनि विभिन्न भाषिकाहरूको मिश्रण भएर बनेको हुनुपर्छ । तामाङ बाहेक चित्लाङमा केही मगरहरू पनि बसोबास गरेका रहेछन् तर तिनीहरूले मगर भाषा बोल्न छोडेको धेरै भइसकेछ । चित्लाङको सबैजसो भागमा बाहुन, क्षेत्री र दलितहरूको बस्ती रहेको पाइयो जुन नेपाल एकीकरण अगाडि देखि नै व्यवस्थित रूपले मिलेर बसेको देखियो । नेपाली भाषा सबै समूह र समुदायको सम्पर्क भाषा भएको कुरा हाम्रो अध्ययनले पनि पुष्टि गर्‍यो ।

साँस्कृतिक रूपले पनि चित्लाङ उपत्यका निकै धनी र विविधताले भरिएको पाइयो । यहाँका प्रसिद्ध सम्पदाहरूमा माझगाउँमा रहेको अशोक चैत्य जुन इापूर्व २७३ मा बनेको रहेछ । यसलाई नेवार भाषामा चिभाःद्य पनि भनिंदो रहेछ । यसका साथै टुपिखेल, कलाटु गाउँ, भञ्ज्याङ, कपुगाउँ आदि ठाउँहरूमा पनि स्थानीय समुदायको सक्रियतामा अरू धेरै चैत्य बनेको भेटियो । मन्दिर र शिवालयहरूमा स्वच्छन्द भैरवको मन्दिर, तलेजु भवानीको मन्दिर, महालक्ष्मीको मन्दिर, चम्पाकेश्वर महादेव, कालीदेवीको मन्दिर, त्रिलिङ्गेश्वर महादेव, तलेजु मन्दिर, जलदेवी, लक्ष्मीनारायण आदिले चित्लाङलाई चिनाउने गरेको पाइयो ।

यो बाहेक यहाँ विभिन्न थरीका चाडपर्व र जात्राहरू मनाउने प्रचलन व्यापक रहेछ । जात्रामा स्वच्छन्द भैरव जात्रा, न्याः जात्रा, काति जात्रा, तलेजु भवानी र खड्ग जात्रा, महालक्ष्मी जात्रा, महाचुनी जात्रा, त्यप जात्रा, गाईजात्रा, कृष्ण जात्रा र इन्द्र जात्रा बढी प्रचलित रहेछन् । त्यस्तै चाडपर्वहरूमा गथांम्वःचर्हे (गठे मङ्गल), नागपञ्चमी, जनैपूर्णिमा, गोकर्ण औंशी, सोह्रश्राद्ध, दशैं, तिहार, झा दिक, सिठी चाड तथा सनातनी गुठी र देवाली पूजाहरू विशेषगरी मनाइँदो रहेछ भने मेलाहरूमा शिवरात्रि मेला, ऋषेश्वर मेला, गोदावरी मेला, गुँला दाफा (गुँला धर्म) मेला बढी चलनमा रहेको पाइयो । नाचहरूमा बलामीहरूको बाह्रवर्षे नाच, नकजाल नाच, हिले नाच, काति नाच, कृष्ण-बानिया-बाथ नाच तथा गमालहरूको शुरसेन नाच, नागा-नागिन नाच, मारूनी राजमति नाच, हिले नाच, महादेव नाच, देवी-काली-धिचा नाच बढी देखाउने गरेको पाइयो भने गोपालीहरूको सिंक न्या (१२ वर्षे नाच), त्वकचा (महादेव) नाच तथा पोडेहरूको आफ्नै शुरसेन विरध्वज नाच पनि प्रचलनमा र हेको भेटियो । बाजागाजाहरूमा पनि काठमाडौंको भन्दा केही फरक धुन भएका धाः बाजा, खिं बाजा, ता (झुर्मा), बभु (झ्याली), पवंगा, भुस्या जस्ता नेवारी बाजा बाहेक कपाली (कुश्ले जाति) ले बजाउने मुहली, गुजराती तथा पोडे जातिले बजाउने नायँखी बाजाहरू प्रयोगमा रहेको पाइयो ।

एक हप्ताको बसाइमा हामीले चित्लाङका अरू सामाजिक, आर्थिक र प्राकृतिक पक्ष र विविधताहरूको बारेमा पनि समुदाय स्तरमै पुगेर छलफल र कुराकानी गर्‍यौं । प्राचीन समयदेखि नै काठमाडौं उपत्यकाको मुख्य प्रवेशद्वार को रूपमा परिचित यो सानो उपत्यकामा नखोजिएका र उत्खनन गर्न बाँकी धेरै कुरा छन् । भर्खर मात्र पूर्णरूपमा आधुनिक सडक सञ्जालले छोएको यो सुन्दर उपत्यकामा विकासका धेरै पूर्वाधार बन्न बाँकी नै छ ।

होमस्टे व्यवसायले प्रसिद्धि पाएको यो ठाउँमा भर्खरै बन्दै गरेको मदन भण्डारी विज्ञान तथा प्रविधि विश्वविद्यालयले पनि स्थानीयमा धेरै ठूलो आशा जगाएको भेटिन्छ । मुख्य कुरा त विकाससँगै विनाश हुनुभएन । हाम्रा प्रश्न र जिज्ञासाहरूमा स्थानीय नागरिक, राजनीतिक एवं सामाजिक अगुवा र अभियन्ताहरूले देखाएको रूचि र उनीहरूले देखेको चित्लाङको भविष्यप्रति कसैले पनि नजरअन्दाज गर्नुहुँदैन । एक हप्ताको बसाइ र पैदल यात्रा सकेर हामी फेरि उही पुरानो बाटो काठमाडौं झर्‍यौं तर मानसपटलमा त्यहाँको ढुङ्गा-माटो, सुन्दर बस्ती र न्यानो आतिथ्यले फेरि पनि बोलाएको छ ।

(लेखकः त्रिभुवन विश्वविद्यालय केन्द्रीय भाषा विभागका सहप्राध्यापक हुन् ।)

-इमेल प्राप्त

प्रेस काउन्सिलबाट 'क' वर्गको मान्यता प्राप्त
www.bikaskhabar.com
जि.प्र.का. मकवानपुर दर्ता नं. ५९/२०६५/०६६ म.जि.हु.दर्ता नं. २३/२०६६/०६७

# यी खानाले मोटोपन बढाउँछ

स्वस्थ शरीरका लागि सबैभन्दा महत्वपूर्ण कुरा कम खानु र धेरै शारीरिक मेहनत गर्नु रहेको छ। तर यो भन्दा पनि महत्वपूर्ण कुरा भोजनमा अत्यावश्यक पोषक तत्व हुनु रहेको छ। फेरिएको जीवनशैली, भोजन, फास्ट फूड र प्याकेजिङको खानामा भएको वृद्धिले हाम्रो भोजनमा पोषक तत्वको कमी हुदै गएको छ। यसमा चिनी, नुन, मैदा र अजिनोमोटो जस्ता कुराहरू रहेका छन्।

प्रोसेसिङ गरिएका खाद्यान्नमा यी बस्तुको मात्रा खतराको स्तरसम्म हुन जान्छ। हार्भड इन्सटिच्यूट अफ हेल्थका अनुसार यी खानेकुराहरू क्यान्सर, टाइप-२ मधुमेह, मोटोपना, रक्त चाप, ह्दय घात र गम्भीर बिरामीको कारण बनिर हेको मात्रै नभई यसले हाम्रो आयुलाई १० वर्षसम्म कम गरिदिन्छ।

**मैदा** :

मैदा कोलेस्ट्रोल जस्तो बिरामीको कारण गहूलाई प्रोसेसिङ गर्दा यसमा भएको इन्डोस्पर्म समाप्त हुन्छ। यसैगरी पाचनका लागि आवश्यक पर्ने चोकर पनि समाप्तनै हुन्छ। समग्रमा गहूलाई मैदा बनाउदा यसको लगभग पुरा पोषक तत्व समाप्तनै हुन्छ। त्यसैले यसले पाचन सम्बन्धि गंम्भीर समस्या पैदा गर्छ। यद्यपि मैदाबाट बनेको खानेकुरा सातामा एक वा दुई पटक मात्रै खानु हुन्छ। त्यो पनि थोरै मात्रामा मात्रै।

**चिनी** :

प्रशोधित चिनीलाई इम्पिटी क्यालोरी भनिन्छ। यसमा कुनै पनि पोषक तत्व हुदैन। यो हाम्रो पाचन नलीमा पुगेपछि ग्लुकोज र फ्रक्टोजमा टुक्रिन्छ। जो मानिस शारीरिक श्रम गर्दैनन् उनीहरूको कलेजोमा यो बोसोको रूपमा संग्रहित हुन्छ। यसले इन्सुलिनमा पनि नराम्रो असर पार्छ र मधुमेह हुने खतरा बढ्न जान्छ। एक दिनमा केवल ५ चम्चा चिनी मात्रै स्सवास्थ्यका लागि लाभदायक मानिएको छ। ४० को उमेर पछि यसलाई अझै घटाउनु आवश्यक छ।

**अजिनोमोटो** :

अजिनोमोटा मोनोसोडियम ग्लूटामेट हो। जुन चिनियाँ खाद्यान्न, सूप आदीमा राख्ने गरिएको छ।




## थाहा नगरका जनप्रतिनिधिको सम्पर्क नम्बर

| | | |
|---|---|---|
| थाहा प्रमुख | लवशेर विष्ट | ९८५५०६७६९२ |
| थाहा उपप्रमुख | खड्ग बहादुर गोपाली | ९८५५०६७०४५ |
| १ नं. वडाध्यक्ष | हेरमान गोपाली | ९८५५०८९३०१ |
| २ नं. वडाध्यक्ष | गुप्तबहादुर कार्की | ९८५५०८९३०२ |
| ३ नं. वडाध्यक्ष | राजेश के.सी. | ९८५५०८९३०३ |
| ४ नं. वडाध्यक्ष | दिपक सिं लामा | ९८५५०८९३०४ |
| ५ नं. वडाध्यक्ष | विष्णुबहादुर गुरुङ | ९८५५०८९३०५ |
| ६ नं. वडाध्यक्ष | शशीधर सुवेदी | ९८५५०८९३०६ |
| ७ नं. वडाध्यक्ष | सनमसिं मुक्तान | ९८५५०८९३०७ |
| ८ नं. वडाध्यक्ष | टिकाराम रुम्बा | ९८५५०८९३०८ |
| ९ नं. वडाध्यक्ष | परशुराम श्रेष्ठ | ९८५५०८९३०९ |
| १० नं. वडाध्यक्ष | हिराबहादुर गमाल | ९८५५०८९३१० |
| ११ नं. वडाध्यक्ष | किरणमान बल | ९८५५०८९३११ |
| १२ नं. वडाध्यक्ष | मानबहादुर स्याङ्तान | ९८५५०८९३१२ |

# नेपालमा सरदर दैनिक दुई जनामा एचआईभी संक्रमण

नेपालमा पहिलो एचआईभी संक्रमित सन् १९८८ मा पहिचान गरिएको थियो। त्यसयता गत असार ३१ सम्मको तथ्यांकअनुसार नेपालमा एचआईभी संक्रमितको संख्या ४० हजार ३४१ पुगेको छ। ३४ औं विश्व एड्स दिवसको अवसरमा राष्ट्रिय एड्स तथा यौन रोग नियन्त्रण केन्द्रले सार्वजनिक गरेको तथ्यांक अनुसार सरदर दैनिक दुई जनामा एचआईभी संक्रमण हुने गरेको छ।



देशभरका विभिन्न सरकारी अस्पताल तथा उपचार केन्द्रबाट आर्थिक वर्ष २०७७/७८ मा २० हजार ८ सय ८३, आव २०७६/७७ मा १९ हजार २ सय ११, आव २०७५/७६ मा १७ हजार ९ सय ८७ र आव २०७४/७५ मा १६ हजार ४ सय २८ जनाले उपचार सेवा लिएका छन्।

यो चार वर्षमा ७४ हजार ५०९ जना एचआईभी संक्रमितले उपचार सेवा लिएका छन्। सरकारले सन् २०३० सम्म एड्स महामारीको अन्त्य गर्ने लक्ष्य राखेको छ। शून्य नयाँ एचआईभी संक्रमण, शून्य एड्ससम्बन्धी मृत्यु र शून्य एचआईभी सम्बन्धित भेदभाव गर्ने लक्ष्य राखेको जनाएको छ। सरकारी तथ्यांकअनुसार संक्रमितको संख्या घटेपनि उपचार सेवा लिनेको संख्यामा भने कमी आएको देखिँदैन। सरकारले आगामी पाँच वर्षमा आमाबाट बच्चामा हुने एचआईभी संक्रमणको अन्त्य गर्ने लक्ष्य राखेको छ। सन् २०२६ सम्ममा आमाबाट जन्मेको बच्चामा सर्ने एचआईभी संक्रमण अन्त्य गर्ने लक्ष्य राखी कार्ययोजना अगाडि बढाएको हो।

देशभर आमाको पेटमै संक्रमित भएको संख्या करिब १ हजार ३ सय रहेको छ। यसमा भर्खरै जन्मिएका शिशुदेखि १४ वर्षसम्मका बालबालिका रहेका छन्। कुल संख्याको ४ दशमलव २ प्रतिशत रहेको छ।

एचआईभी संक्रमित गर्भवती महिलाको संख्या २ सय १६ छ। राष्ट्रिय एड्स तथा यौन रोग नियन्त्रण केन्द्रका अनुसार नेपालमा एचआईभी संक्रमितको अनुमानित संख्या ३० हजार ३ सय रहेको उल्लेख गरेको छ। महिला संक्रमित १३ हजार ९ सय ८६ र पुरुष १६ हजार ३१४ जना छन्।

केन्द्रले वार्षिक ७ सय ५४ संक्रमित थपिने जनाएको छ। त्यसैगरी एड्सकै कारण एक वर्षमा ६ सय ३६ जनाको मृत्यु हुने भएको छ। गत आर्थिक वर्ष २०७७/७८ मा मात्र १५ देखि २४ वर्षका संक्रमित युवाहरूको प्रतिशत शून्य दशमलव २० प्रतिशत रहेको छ। हजार जनसंख्यामा एचआईभीको संक्रमणदर शून्य दशमलव ३ प्रतिशत छ।

गत आव २०७७/७८ मा मात्र २ लाख ४२ हजार ६ सय ८९ जनाले एचआईभी परीक्षण गराएका थिए। सोही वर्ष २ हजार ५ सय ७९ जनामा एचआईभी संक्रमण देखिएको थियो। आव २०७६/७७ मा १ लाख ४७ हजार ९६८ जनाको परीक्षण गरिएको मध्येमा २ हजार ४ सय १६ जनामा एचआईभी पुष्टि भएको थियो।

सन् २०३० सम्मका लागि ९५ प्रतिशत एचआईभी संक्रमितहरूले आफ्नो संक्रमण अवस्थाबारे थाहा पाउने, तीमध्ये ९५ प्रतिशतको एआरभी औषधि उपचार मा पहुँच हुने र ती औषधि खानेमध्ये ९५ प्रतिशतको शरीरमा भाइरसको भार (भाइरल लोड) न्यून भएको हुनेछ। मुलुकमा भाइरल लोड परीक्षण गर्ने मेसिन ८ वटा छ। सात प्रदेशमा भाइरल लोड परीक्षण केन्द्र रहेका छन्।

नेपालमा एचआईभीको उच्च जोखिममा सुईद्वारा लागूपदार्थ सेवन गर्नेहरू, यौनकर्मी, पुरूष समलिंगी तथा तेस्रो लिंगीहरू, वैदेशिक रोजगारीमा गएकाहरू र जेलमा रहेका कैदीबन्दीहरूसमेत एचआईभीको उच्च जोखिममा छन्।

एचआईभी संक्रमितहरूलाई ८३ वटा एआरटी केन्द्र स्थापना गरी ४५ वटा एआरभी केन्द्रबाट निःशुल्क औषधि वितरण भइरहेको छ। हाल ४४ वटा जिल्लामा सञ्चालित छन्।

# गर्भावस्थामा योग : कुन घातक कुन फाइदाजनक ?

गर्भावस्थामा सबैकिसिमका योग गर्न उचित मानिँदैन। जबकि, कतिपय यस्ता योगासन हुन्छन्, जो गर्भावस्थामा अत्यन्त लाभदायक मानिन्छ। के-के हुन् ती योगासन् ? पतञ्जलि योगपीठका योग गुरू लोकनाथ खनाल गर्भावस्था र महिनावारीको बेलामा गर्न हुने र नहुने योगको बारेमा यसरी बताउँछन्।

योग सामान्यतया सबै मान्छेको लागि अत्यावश्यक शारीरिक व्यायाम हो। तर, गर्भावस्थामा रहेकी महिला र महिनावारी भएकी महिलालाई केही योगासन नगर्न सुझाव दिइन्छ। जस्तो, मान्छेको उमेर, लिंग र शारीरिक अवस्था अनुसार फरक फरक योगासन उपयुक्त हुन्छ। गर्भवती महिलाको लागि पनि केही योगासनहरू तोकिएको हुन्छ, जसले गर्भावस्थामा आमा र बच्चाको लागि फाइदा गर्छ।

गर्भावस्थामा केही सूक्ष्म व्यायामहरू गर्न सकिन्छ। सूक्ष्म व्यायामसँगै भस्त्रिका र अनुलोम विलोम गर्न मिल्छ। यसबाहेक जटिल खालका योगासनहरू गर्न मिल्दैन। त्यसो त अरू अभ्यासहरू पनि गर्नै नमिल्ने भने होइन। तर यसको लागि कुशल प्रशिक्षकको सुझाव लिनुपर्ने हुन्छ। यसमा सानो गल्तीले पनि ठूलो नोक्सानी हुन सक्ने भएकोले प्रशिक्षक विना गर्भवतीले धेरै जटिल योगासनहरू गर्न हुँदैन।

सामान्यतया, गर्भावस्थाको ३ महिनासम्म अरू बेलामा जस्तै योग गर्न सकिन्छ। तर तेस्रो महिनापछि भने यसमा ध्यान दिनुपर्छ। त्यसपछि धेरै उफ्रिने खालका योग अभ्यासहरू गर्नुहुँदैन। चक्रासन लगायतका आसन त गर्नै हुँदैन।

### गर्भावस्थामा मर्निङवाक गर्ने कि नगर्ने ?

गर्भावस्थामा मर्निङ वाक गर्नु आमा र बच्चाको लागि उपयुक्त हुन्छ। गर्भावस्थामा नियमित गर्ने प्राणायमले नर्भल डेलिभरीलाई फाइदा गर्छ। तर यसलाई अनियमित गर्दा उचित फाइदा हुँदैन। यसको लागि फुर्सद भएसम्म बिहान र साँझ आधा-आधा घण्टा अनुलोम-विलोम गर्न सकिन्छ। दैनिक मर्निङवाक कति घण्टा गर्ने भन्ने कुरा आफ्नो शारीरिक क्षमता अनुसार निर्धारण हुन्छ। गर्भावस्थामा गरिने प्राणायामले आमा र बच्चा दुवैको स्वास्थ्यमा पनि फाइदा गर्छ।

### सुत्केरी भएपछि के गर्ने ?

सुत्केरी भएपछि केही महिना जटिल खालका योगासन गर्नै मिल्दैन। यदि सामान्य अवस्थामा सुत्केरी भएको हो भने पनि ३/४ महिनासम्म अनुलोम बिलोम र प्राणायामबाहेक कुनै पनि योगासन गर्नु हुँदैन। अप्रेसन गरेको हकमा भने कम्तीमा ६ महिनासम्म योग गर्न मिल्दैन।

### महिनावारीको समस्या समाधान गर्न योग

कतिपय महिनावारीको समस्या योगबाट पनि समाधान भएको भेटिएको छ। जस्तो महिनावारीको बेलामा धेरै पेट दुख्ने, महिनावारी नियमित नहुने जस्ता समस्याको लागि केही आसन तोकिएको छ। तर महिनावारी भएको ४/५ दिनसम्म भने कपालभाती र अन्य उफ्रिएर गर्ने योग गर्नु हुँदैन। यस्तो योग सकेसम्म आमा भइसकेका कसैले पनि गर्नु हुँदैन। नियमित रक्तस्राव भइरहेको छ भने रक्तस्राब नरोकिँदासम्म उफ्रिएर गर्ने योग गर्न हुँदैन। त्यस्तै, नियमित महिनावारी नहुने समस्या पनि योगको माध्यम रोकिएको केही उदाहरण भेटिएको छ। नियमित महिनावारी नभएका महिलाहरूले कपालभाँती, अनुलोम-बिलोम र सूर्य नमस्कार नियमित गर्दा यसले पनि अनियमित महिनावारीको समस्या समाधान गर्छ।

# गढीमा खानेपानी आयोजना उद्घाटन

◆ विकास संवाददाता



जिल्ला समन्वय समिति (जिसस) मकवानपुर र मकवानपुरगढी गाउँपालिकाको लगानीमा मकवानपुरगढी गाउँपालिका-३, टावरडाँडामा निर्मित खानेपानी आयोजना उद्घाटन गरिएको छ । जिससको मौजदात कोषबाट ७५ र मकवानपुरगढी गाउँपालिकाको २५ प्रतिशत लागत साझेदारीमा निर्माण भएको खानेपानी आयोजनाको ६ मंसिरमा जिसस मकवानपुरका प्रमुख रघुनाथ खुलालले उद्घाटन गरेका हुन् ।

खानेपानी आयोजनाको उद्घाटन गर्दै प्रमुख खुलालले खानेपानीको निकै नै कठिन अवस्था रहेको उक्त स्थानमा अब समस्या नहुने बताए । उनले गढी गाउँपालिकामा खानेपानीको निकै समस्या रहेको भन्दै सोहि अनुरूप जिससले पनि उक्त स्थानलाई प्राथमिक्तामा राखेर बजेट बिनियोजना गरेको भन्नु हुँदै गाउँपालिकामा अन्य आयोजनाहरू समेत सञ्चालनमा आएपछि खानेपानीको समस्या समाधान हुदै जाने बताए । प्रमुख खुलालले गाउँपालिकाले आवश्यक्ताको आधारमा व्यवस्थित आयोजनाहरू सञ्चालन गरेको बताउँदै विकासका लागि स्थानीयवासीको सकृयता आवश्यक रहेको समेत बताए ।

जिससको मौजदात कोष सचालन कार्यविधि अनुसार ७५ प्रतिशत र गाउँपालिकाको २५ प्रतिशत गरी कुल एक करोड ६ लाख लागतमा निर्माण भएको उक्त आयोजनामा ६० लाख जिससको र ४६ लाख गाउँपालिकाको लागत रहेको छ । १७ सय मिटर टाढाबाट लिफ्टीङ सिस्टमबाट टाबरडाँडामा दुईलाख ४० हजारको ट्याङकीमा संकलन गरेर २१६ परिवारलाई स्वच्छ खानेपानी उपलब्ध गराईएको गाउँपालिका अध्यक्ष बिदुर हुमागाईले बताए ।

जिससको सहयोगमा उक्त क्षेत्रको खानेपानीको समस्या समाधान भएको अध्यक्ष हुमागाईले बताए । उनले बितेको ५ वर्षमा गाउँपालिकामा विकासको एउटा आधार तयार भएको बताउँदै उनले यसलाई निरन्तरता दिन जरूरी रहेको बताए । कार्यक्रममा ३ नम्बर वडा अध्यक्ष भागवत घिमिरेले व्यवसयिक रूपमा अगाडी बढ्न उक्त आयोजनाले मद्दत पुग्ने विश्वास व्यक्त गरिन् । कृषि तथा पशुपालको पकेट क्षेत्रका रूपामा अगाडी बढेको उक्त क्षेत्रका लागि खानेपानी आयोजना महत्वपूर्ण रहेको उनको भनाई थियो । कार्यक्रममा टाबरडाँडा खानेपानी तथा सरसफाई उपभोक्ता समितिका अध्यक्ष शत्रुधन दुलालले खानेपानी सञ्चालनमा आएपछि घण्टौं हिडेर खानेपानी ल्याउनु पर्ने समस्या समाधान भएको बताए ।

कार्यक्रममा खानेपानीको ट्याङ्की निर्माणका लागि जग्गा दान गर्नुहुने विश्वनाथ रिमाल र रमणि प्रसाद घिमिरेलाई सम्मान समेत गरिएको थियो । उनीहरूलाई कार्यक्रमका प्रमुख अतिथि, विशिष्ट अतिथी, अतिथीलगायतले दोसल्ला र प्रमाणपत्रसहित सम्मान गरेका हुन् । टावरडाँडा खानेपानी तथा सरसफाई उपभोक्ता समितिका दुलालकै अध्यक्षतामा भएको कार्यक्रममा ३ नम्बर वडाका जनप्रतिनिधिहरू, टोल विकासका अध्यक्षहरु, जग्गादाताहरू, विभिन्न सहकारीका अध्यक्षहरूलगायत स्थानीय उपभोक्ताको सहभागिता थियो ।

# 'अन्तरपालिका फुटबल प्रतियोगिता हुने




◆ विकास संवाददाता

जिल्ला समन्वय समिति मकवानपुरले 'अन्तरपालिका जिल्ला स्तरीय फुटबल प्रतियोगिता' आयोजना गर्ने निर्णय गरेको छ । ५ मंसिरमा बसेको ८४औं बोर्ड बैठकले जिसस मकवानपुरको आयोजना एवम् जिल्ला खेलकुद विकास समितिको व्यवस्थापनामा आगामी मंसिर १८ देखि २५ गतेसम्म प्रतियोगिता आयोजना गर्ने निर्णय गरेको हो ।

जिसस मकवानपुरका प्रमुख रघुनाथ खुलालको अध्यक्षतामा बसेको बोर्ड बैठकले जिल्लाका १० वटै स्थानिय तहहरूको सहभागिता हुने गरि प्रतियोगिता आयोजना गर्ने निर्णय गरेको हो । जिससले गत वर्ष प्रतियोगिता आयोजना गर्ने तयारी गरेकोमा अन्तिम अवस्थामा आएर कोभिडका कारण स्थगित भएको थियो । स्थानीय स्तरमा फुटबलको विकास गर्ने, नयाँ खेलाडि उत्पादन गर्ने तथा राष्ट्रिय प्रतियोगिताका लागि खेलाडि छनोट गर्न समेत मद्धत पुग्ने उदेश्यका साथ जिल्ला स्तरीय प्रतियोगिता आयोजना गर्न लागिएको प्रमुख खुलालले बताए । करिब ७ लाख ५८ हजार लागत अनुमान गरिएको प्रतियोगितामा बिजेताले नगद २ लाख र उपविजेताले १ लाखसहित शील्ड, मेडल तथा प्रमाणपत्र तथा विभिन्न विधागत रूपमा समेत पुरस्कारको व्यवस्था गरिएको छ ।

आगामी १५ गतेसम्म जिल्ला खेलकुद विकास समितिमा स्थानीय तहको सिफारीस सहितको टिम दर्ता गराईक्नु पर्ने नकआउट फुटबल प्रतियोगितामा आफ्ना खेलाडीहरूको सम्पुर्ण व्यवस्थापन सम्बन्धीत स्थानीय तहले गर्नुपर्ने छ ।

यस्तै बैठकले आगामी नोवेम्बर २५ बाट सुरू हुने महिला हिंसा बिरूद्धको १६ दिने अभियानका क्रममा अन्तरकृया कार्यक्रम आयोजना गर्ने निर्णय गरेको उहाँले बताउनुभयो । बैठकले १६ दिने अभियानमा अन्तरक्रियाको ब्यवस्थापन तथा संचालन गर्ने जिम्मा जिसस उपप्रमुख भगवती पुडासैनीलाई दिने निर्णय गरेको छ । बैठकमा जिसस सदस्यहरू देवराज रिमाल, सिता अधिकारी, सरिता विक, बुद्धिबहादुर मोक्तान, समन्वय अधिकारी आनन्दराज पोखरेललगायत कार्यालयका अन्य कर्मचारीहरूको उपस्थिती थियो ।

# मकवानपुरमा कम उमेरमा सम्बन्ध विच्छेद गर्ने बढे

◆ विकास संवाददाता

उमेरले १८ वर्षमा टेकेकी राक्सिराङ गाउँपालिका-७ की शर्मिला चेपाङका ३ छोराछोरी छन् । श्रीमान् सञ्चलाल चेपाङले दोस्रो विवाह गरेपछि छोराछोरीको लालनपालन गर्न उनलाई सकस छ । परिवारको करकापमा १३ वर्षको उमेरमै विवाह बन्धनमा बाँधिएकी उनी किशोरावस्थामै श्रीमान्बाट अलग भएकी छन् ।

राक्सिराङ गाउँपालिका-६ की २१ वर्षीया रमिला चेपाङले श्रीमान् आइतराम चेपाङसँगको सम्बन्ध अदालतबाट विच्छेद गरेकी छन श्रीमान्को दिनदिनैको कुटाइ सहन नसकेपछि सम्बन्ध तोडेको उनले बताइन् । उनको ७ वर्षअघि आइतरामसँग मागी विवाह भएको हो। ५ जना छोराछोरी छन् । तर उनको नाममा एक धुर पनि जमिन छैन । यस्तोमा छोराछोरी हुर्काउने जिम्मेवारी उनको काँधमा छ। बालविवाह, बर्सेनि सन्तान जन्माउनु तथा पोसिलो खानेकुराको अभावमा उनको आफ्नै स्वास्थ्य अवस्था पनि ठीक छैन ।

कैलाश गाउँपालिकाकी १७ वर्षीया सम्झना चेपाङको हालत पनि उस्तै छ । विवाह गर्ने कानुनी उमेर नपुग्दै श्रीमान् सुमन चेपाङसँग उनको सम्बन्धविच्छेद भइसकेको छ । विवाह गर्दा दुवैको उमेर १२ वर्ष मात्रै थियो । एउटै विद्यालयमा ३ कक्षामा पढिरहेका उनीहरूको अभिभावकले विवाह गरिदिएका हुन् । सम्झनाको साथमा अहिले २ छोरा र एक छोरी छन् । सुमन भने भार्ताकी १८ वर्षीया युवतीसँग विवाह गरी गत वैशाखदेखि चितवन बस्दै आएका छन् ।

सोही स्थानकी २१ वर्षीया सोनिका चेपाङ र २३ वर्षीय अमर चेपाङबीचको वैवाहिक सम्बन्ध गत पुस १० को अदालतको फैसलापछि विच्छेद भएको छ । सम्बन्धविच्छेदपछि सोनिकाले आफ्नो नागरिकताबाट श्रीमान्को नाम हटाउन जिल्ला प्रशासन कार्यालय पुगेकी थिइन् । कार्यालयले निवेदनअनुसार नै अमरको नाम हटाइदिएको छ । अदालतले सम्बन्धविच्छेदको फैसला गरेपछि उमेर पुगेको होस् कि नपुगेको, प्रशासनले नागरिकताबाट श्रीमान् वा श्रीमतीको नाम हटाइदिनुपर्ने कानुनी व्यवस्था छ । तर २० वर्ष नपुगीकन बिहे गर्न नहुने कानुनी प्रावधान भए पनि त्योभन्दा कम उमेरका किशोरकिशोरीको पनि सम्बन्धविच्छेद भएको कार्यालयका एक प्रशासकीय अधिकृतले बताए ।

२० वर्ष उमेर नपुग्दै बिहे गरे विवाह दर्ता हुँदैन । विवाह दर्ता नभई सम्बन्धविच्छेद हुने कुरै भएन । तर अदालतले व्यावहारिक पक्षलाई ध्यान दिँदा उमेर नपुगी बिहे गरेका दम्पतीबीचमा पनि सम्बन्धविच्छेदको आदेश दिने गरेको बताउँछन् अधिवक्ता मदन दाहाल । 'यो कानुनी कुराभन्दा पनि समाजमा चल्दै आएको बालविवाहको कारणले अदालतले विवाह गर्ने उमेर नपुगेका दम्पतीको पनि सम्बन्धविच्छेदको आदेश दिने गरेको हो ।' जिल्ला अदालत मकवानपुरका एक न्यायाधीश भने पछिल्लो समय २० वर्ष उमेर नपुग्दै सम्बन्धविच्छेदका लागि अदालत आउनेको संख्या घटेको दाबी गर्छन्।

# महिलालाई 'आत्मरक्षा तालिम

◆ विकास संवाददाता




प्रदेश युवा परिषद् बामगती प्रदेशको आयोजनामा चितवनमा भएको २ दिने आत्मरक्षा तालिम सम्पन्न भएको छ । चितवनको राप्ती नगरपालिकामा सञ्चालीत २ दिने महिला आत्मरक्षा तालिमको उद्घाटन बागमती प्रदेशको पूर्व मुख्यमन्त्री डोरमणी पौडेलले गरेका थिए ।

नेपाल सेल्फ डिफेन्स संघकि बरिष्ठ प्रशिक्षक राधिका ऐर हमाल, सहायक प्रशिक्षक डिलकुमारी नेपाल, खुश माया काउचाले प्रशिक्षण दिएका थिए । तालिममा ३५ जना महिलाहरू सहभागी भएको कार्यक्रम संयोजक युवा परिषद् बागमती प्रदेशका सदस्य केदार आचार्यले बताए । कार्यक्रममा सहभागीहरूलाई राप्ती नगरपालिकाका प्रमुख प्रभा बराल एबम प्रदेश युवा परिषद् बागमतीका कार्यकारी उपाध्यक्ष सन्तोष चौलागाईंले प्रमाणपत्र बितरण गरेका थिए ।

यसअघि बागमती प्रदेश युवा परिषद् कार्यालयले हेटौंडामा युवालाई आत्मरक्षा सम्बन्धी तालिम प्रदान गरेको थियो ।

अब हाम्रै थाहानगरको ओखरबजारमै
छपाईको शुभारम्भ
फ्लेक्स प्रिन्ट

काठमाण्डौं, हेटौंडा धाउनै पर्दैन...
अत्याधुनिक नयाँ मेसीनद्वारा १ घण्टा भित्र बोर्ड,व्यानर तयार
AARAV creation
DESIGN FLEX PRINT PHOTOGRAPHY
Thaha-1, Okharbazar, 9855068340/9802068340
हाम्रा अन्य सेवाहरू
फ्लेक्स प्रिन्ट (व्यानर/साइनबोर्ड)
होडिङ बोर्ड/स्टिकर प्रिन्ट/
फ्लेक्स फोटो/मायाको चिनो तयारी
प्रमाण-पत्र/कदर-पत्र/प्रशंसा पत्र तयारी
कार्यक्रमको व्याच तयारी
विभिन्न डिजाइनका फ्रेमिङ
फोटो स्टुडियो/पि.भि.सी. कार्ड
9855068340/9802068340

# विकास घरमा नागरिक सुनुवाई



◆ विकास संवाददाता

ईलाका प्रहरी कार्यालय पालुङले थाहानगरमा नागरिक सुनुवाई कार्यक्रम गरेको छ ।

विकास घर शिखरकोटमा आयोजित कार्यक्रममा पालुङ प्रहरी प्रमुख (प्रहरी निरीक्षक) श्रीराम तिमिल्सिनाले प्रहरीले गरिरहेको नियमित गतिविधि तथा थाहा नगरमा हुने गरेको अपराधिक गतिविधिको बारेमा स्पष्ट पारे । प्रहरी निरीक्षक तिमिल्सिनाले साइवर अपराध, मापसेले समाजमा पारिरहेको असर, नागरिकको आनीबानीले पारिरहेको असर लगायतका बारेमा स्पष्ट पारे ।

कार्यक्रममा सहभागीहरूले थाहानगरमा युवाहरू दूर्व्यशनमा फस्ने गरेको, भट्टीहरूमा राती अबेरसम्म होहल्ला हुने गरेको, स्थानीय औषधि पसलहरूमा दूर्व्यशनीका औषधिहरू समेत विक्री गर्ने गरेको गुनासो राखेका थिए ।

नागरिकको जिज्ञासाको जवाफ दिदै प्रहरी निरीक्षक तिमिल्सिनाले तत्काल बजार अनुगमन गरेर समस्या समाधान गर्ने बताए । कार्यक्रममा थाहा नगर प्रमुख लबशेर विष्टले जनता स्वयं बर्दी बिनाको प्रहरी रहेको हुँदा अपराध रहित समाजको निर्माणका लागि सबै सजग रहन अपिल गरे ।

कार्यक्रमा थाहा नगरपालिका प्रशासन महाशाखा प्रमुख अजित घिमिरे, सामुदायिक प्रहरी सेवा केन्द्रका संस्थापक अध्यक्ष सुरेन्द्रमान प्रधान, वडाध्यक्षहरू गुप्तबहादुर कार्की र राजेश केसीको आतिथ्यता रहेको थियो ।

# एमाले पाटी कार्यालयलाई कम्प्युटर



◆ विकास संवाददाता

नेकपा एमाले थाहा नगर कमिटीका सदस्य प्रज्वल ढकालले एमाले थाहा नगर कार्यालयका लागि कम्प्युटर प्रदान गरेका छन् ।

ढकालले एमाले थाहा नगरको पूर्ण बैठकबीच ६ मंसिरमा कार्यालयका लागि एक थान कम्प्युटर हस्तान्तरण गरेका हुन् । एमाले नगर अध्यक्ष अच्युत्तमप्रसाद ढकालले कम्प्युटर ग्रहण गरेका थिए ।

कम्प्युटर ग्रहण गर्दै एमाले नगर अध्यक्ष ढकालले नगर पार्टी कार्यालय उद्घाटन भएकै दिन कम्प्युटर सहयोग प्राप्त भएकोले अब कार्यालय सञ्चालन गर्न र पार्टी गतिविधिलाई 'डिजिटल' बनाउन सहज हुने बताए ।

कम्प्युटर हस्तान्तरण गर्दै ढकालले आगामी दिनमा पनि पार्टीको हित र विकासका लागि आफ्नो तर्फबाट सक्दो सहयोग गर्ने प्रतिवद्धता जनाए । अनेरास्ववियुका केन्द्रीय सदस्य रहेका ढकाल पेसाले निर्माण व्यवसायी समेत हुन् ।

# जनकल्याणमा स्काउट दीक्षान्त



◆ विकास संवाददाता

थाहा नगरपालिकाको जनकल्याण माविमा स्काउट ट्रुपलाई प्रथम तहको दीक्षान्त कार्यक्रम सम्पन्न भएको छ ।

बागमती प्रदेश स्काउट समिति सदस्य अशोक सारू मगरको प्रमुख आतिथ्य तथा जनकल्याण माविका प्रधानाध्यापक एवम् इकाइ अध्यक्ष सानोभाइ कार्कीको सभाध्यक्षतामा दीक्षान्त कार्यक्रम सम्पन्न भएको हो । विद्यालयका स्काउट ट्रुपलाई प्रमुख अतिथि मगरले दीक्षित गराएका थिए ।

कार्यक्रममा प्रमुख अतिथि मगर, थाहा नगर स्थानीय स्काउट समितिका संयोजक गणेशमान श्रेष्ठ, प्रधानाध्यापक कार्की, स्काउट शिक्षक मिना महर्जन लगायतले शुभकामना मन्तव्य दिएका थिए ।

# यस्तो छ, चित्लाङ .... . ..

ढुङ्गाको नियमन गर्ने निकाय वन कार्यालय भएकोले वन कार्यालयमार्फत् सो सडक निर्माणको क्रममा निस्कने ढुंगाको परिमाण एकीन गरी लिलाम गर्ने निर्णय भयो ।

बढाबढमा लिलाम सकार्न बोलपत्रसहित निवेदन दिएका कम्पनीहरूमध्ये किराँतेश्वर कन्स्ट्रक्शन एण्ड ड्रिलिङ कम्पनीले सबै भन्दा बढी कबुल गरेकोले जिल्ला वन कार्यालयले सडक योजना कार्यालयको रोहबरमा सोही कम्पनीसँग सम्झौता गऱ्यो । ३० असोज २०७४ मा लिलाम सम्झौता गर्दा सो कम्पनीले रू. ८५ लाख राजश्व दाखिला गरेको थियो ।

### सम्झौतामा के छ ?

३० असोज २०७४ मा जिल्ला वन कार्यालय काठमाण्डौं र किराँतेश्वर कन्स्ट्रक्शन एण्ड ड्रिलिङ कम्पनीबीच भएको सम्झौतामा २० वुँदा छन् । सम्झौतामा सडक खन्दा २२,९७२ दशमलब ६७ घन मिटर भन्दा बढी ढुङ्गा निस्किएमा प्रति इकाइ दर अनुसार थप रकम बुझाउनु पर्ने तर सोभन्दा कम परिमाणमा निस्किए पनि कबुल गरिए अनुसार दाखिला गरिएको रकम फिर्ता नहुने शर्त छ । त्यस्तै लिलाममा चढेका ढुङ्गासहित अन्य पैदावारहरू जहाँ जेजस्तो अवस्थामा छ, सो सर्‍ा लन गरी आफ्नै खर्चमा उठाइ लैजानु पर्ने सम्झौताले भनेको छ ।

सम्झौताको बुँदा नं. ७ मा हाल काम भइरहेको थानकोट २५०० मिटर देखि चन्द्रागिरी ८७०० मिटरबीच सडक निर्माणमा प्रयोग हुने ढुङ्गाबाहेक मात्र घाटगद्दीबाट लैजाने स्पष्ट पारिएको छ । यसले सडकमा प्रयोग हुने ढुङ्गाबाट बाँकी मात्र लैजानुपर्नेमा जोड दिएको छ ।

लिलामबाट निस्केका पैदावरको राजश्वबाहेक अन्य करहरू ठेकेदारले नै आफ्नो तर्फबाट बुझाउनुपर्ने पनि सम्झौतामा उल्लेख छ । यसअनुसार ठेकेदारले राजश्वबाहेक चन्द्रागिरी नगरपालिकालाई प्रति ट्रिप रू. ५००० र चन्द्रागिरीको स्थानीय संस्थालाई रू. १५०० प्रति ट्रिपको दरले बुझाइरहेको पाइएको छ ।

त्यसैगरी थानकोट चन्द्रागिरी सडक खण्ड स्तरोन्नतिमा थप टेण्डर हुँदा सडक निर्माणको क्रममा आवश्यक पर्ने ढुङ्गा–ग्राभेल आदि सम्बन्धित निर्माण व्यवसायीलाई उपलब्ध गराउनुपर्ने पनि सम्झौतामा उल्लेख छ । यसले सडक निर्माणको क्रममा पहिलो ठेकेदारले निकालेको ढुंगाको प्रति इकाइ लागत तयार गरेर दोस्रो ठेकेदार पनि लिलामीमा सहभागी हुने व्यवस्था गरेको छ ।

### अब के हुन्छ ?

सडक निर्माण सरोकार समितिको सहजीकरणमा मुख्य चाडबाडको लगत्तै ३० कात्तिकबाट पूर्ण क्षमतामा निर्माणको काम अघि बढाइएको छ । शुरूका केही दिन बाँकी सडकको ग्रेडियन्ट मिलाउने काम गरिएकोमा अहिले ८७०० मिटरमा कटिङ गरेर मोड फराकिलो बनाउने काम भइरहेको छ । यसो गर्दा चन्द्रागिरी भञ्ज्याङको पहिलो अप्ठेरो र ओरालो मोडमा सजिलै ठूला सवारी मोड्न सकिने हुन्छ । ठेकेदारले अहिलेको गतिमा काम गर्न पाएको खण्डमा अबको दुईदेखि तीन महिनाभित्र चन्द्रागिरीदेखि थानकोटसम्म डबल ट्र्याकमा गाडी गुडाउन सकिन्छ । अहिलेको ठेक्काको अवधि २५ चैत, २०७८ सम्ममात्र भएकोले तोकिएको समयभित्रै कार्य सम्पन्न गर्न सके सरकारले बाँकी काम(स्तरोन्नति)को लागि अर्को ठेक्का लगाउनेछ । तर विभिन्न बहाना र आवरणमा सडक निर्माणमा बाधा अवरोध सिर्जना गरिएको खण्डमा वर्षौंसम्मका लागि चित्लाङ–थानकोटको सुविधायुक्त सडकबाट काठमाण्डौंसँग जोडिएर समृद्धिको ढोका खोल्ने थाहानगर, इन्द्रसरोबर, कैलाश र अन्य सुविधाग्राही समुदायको सपना अधुरै रहनेछ ।

# एमाले थाहाको कार्यालय उद्घाटन




◆ विकास संवाददाता

नेकपा एमाले थाहा नगर कमिटीको कार्यालय उद्घाटन गरिएको छ । थाहा नगरपालिका-४, थानाबजारस्थित महालक्ष्मी विकास बैंक रहेको घरको माथिल्लो तलामा स्थापना गरिएको एमाले नगर कमिटीको कार्यालय एक कार्यक्रमबीच ६ मंसिरमा उद्घाटन गरिएको हो ।

एमाले थाहानगर कमिटीका पदाधिकारी तथा सदस्यहरूको सहभागितामा अध्यक्ष अच्युत्तमप्रसाद ढकालले पार्टी कार्यालय उद्घाटन गरेका हुन् । कार्यालय उद्घाटन गर्दै अध्यक्ष ढकालले गत १३ कात्तिकमा नगर अधिवेशनबाट आगामी ३ वर्षका लागि नयाँ कमिटी निर्वाचित भएपछि एमाले थाहानगर संस्थागत र संगठनात्मक विकासका लागि क्रियाशील हुन थालेको बताए ।

एमाले थाहा नगर कमिटीको कार्यालयसँगै राष्ट्रिय युवा संघ नेपाल र अखिल नेपाल महिला संघ थाहा नगरको कार्यालय पनि उद्घाटन गरिएको छ । युवा संघका नगर अध्यक्ष प्रदिप भट्ट र महिला संघका नगर अध्यक्ष सुमित्रा केसीले आआफ्नो कार्यालयको साइनबोर्ड अनावरण गरेर उद्घाटन गरेका हुन् ।

कार्यालयसँगै सय जनाभन्दा बढी भेला गर्न सकिने हलसमेत रहेको एमाले थाहा नगर कमिटीका सदस्य रामराजा केसीले जानकारी दिए ।

# थाहाबाट ८ सय सहभागी हुने

◆ विकास संवाददाता

नेकपा एमालेको दशौं राष्ट्रिय महाधिवेशन उद्घाटन कार्यक्रममा चितवन ढाक्ने लक्ष्यअनुसार मकवानपुरका लागि ३० हजार सहभागी तोकिएकोमा थाहानगरबाट आठ सय सहभागी हुने भएका छन् ।

८ मंसिरमा थाहानगरको थानाबजारमा बसेको एमाले अगुवा नेताहरूको बैठकपछि एमाले प्रदेश कमिटी सदस्य बरिना बलले थाहानगरबाट १५ वटा बस, १४ वटा साना सवारी र ५० बढी मोटर साइलमा गरी आठ सय बढी कार्यकर्ता सहभागी हुने जानकारी दिइन् । '१५ वटा बसमा ६००, साना सवारीमा ८० र मोटर साइकालमा करिब सय बढी गरी करिब ८ सय कार्यकर्ता चितवनमा जानेछन्' उनले भनिन् ।

एमाले थाहानगर अध्यक्ष अच्युत्तमप्रसाद ढकालका अनुसार 'बसको व्यवस्था वडाका कार्यकर्ताहरू आआफैले गरेका छन् ।'



समयमै व्यक्तिगत घटना दर्ता गरौं ।

थाहा नगरपालिका
इन्द्रायणी चौर, मकवानपुर
पञ्जीकरण शाखा




जन्म दर्ता बालबालिकाको नैसर्गिक अधिकार हो । जन्मेको ३५ दिन भित्रै आफ्नो स्थानीय तहमा गई दर्ता गरौं । जन्म र मृत्यु दर्ताको सूचना परिवारको मुख्य व्यक्तिले र निजको अनुपस्थितिमा परिवारको उमेर पुगेको व्यक्तिले सूचना दिन सक्छन् । जन्म, मृत्यु, बसाई सराई, विवाह एवं सम्बन्ध विच्छेदका घटना दर्ता गर्नु नागरिकको कर्तव्य हो । बसाई सराई गर्दा व्यक्ति आफू मात्र बसाई सरी गए व्यक्तिले र परिवार नै बसाई सरी गए परिवारको मुख्य व्यक्तिले दर्ता गर्नु पर्छ ।

# जसपा छोड्दै माओवादीमै फर्किए रायमाझी र श्रेष्ठ सहितको टिम

◆ विकास संवाददाता

थाहानगरका जनता समाजवादी पार्टीको नेताहरूले आफ्नो साविक दल परित्याग गरेका छन् । जसपाका थाहा नगर कमिटी अध्यक्ष सुजन रायमाझीसहितको टिम गत १३ कात्तिकमा एमाले प्रवेश गरिसकेको छ भने जिल्ला, प्रदेश र केन्द्रीय कमिटीमा रहेका थाहानगरका जसपा नेताहरू ११ मंसिरमा माओवादी प्रवेश गरेका छन् ।



नेकपा माओवादी केन्द्र थाहानगरको प्रथम नगर सम्मेलन उद्घाटन कार्यक्रमका बीच जसपाका नेताहरू ज्योति रायमाझी, इन्द्रबहादुर श्रेष्ठ, ध्रुब ढकाल लगायतको टिम माआवादीमा प्रवेश गरेको हो । डा. बाबुराम भट्टराईको नेतृत्वमा नयाँ शक्ति पार्टी गठन हुनुअघि माओवादी केन्द्रमै रहेका नेताहरू पुनः आफ्नो पुरानो घर फर्केका हुन् ।

तत्कालीन माओवादी केन्द्रमा राज्य समिति सदस्य र प्रल्हाद लामिछाने नेतृत्वमा जिल्ला सचिब भएका ज्योति रायमाझी नयाँ शक्ति पार्टी हुँदै जसपा गठन हुँदासम्म विभिन्न नेतृत्वदायी पदमा रहे पनि उनको राजनीतिक क्रियाशीलता भने कम रहँदै आएको थियो ।पुरानै घर फर्किएका श्रेष्ठ तत्कालीन नेकपा माओवादी केन्द्रमा जिल्ला कमिटीका निर्वाचित सदस्य रहेका थिए ।

जसपा टिमसँगै यसअघि जसपाको थाहानगर युवा कमिटीका संयोजक रहेका किसन रायमाझी पनि माओवादी प्रवेश गरेका छन् । राप्रपाका कार्यक्रमहरूमा सक्रिय रहँदै आएका रायमाझीले माओवादीको प्रथम नगर सम्मेलनपूर्व आफू जसपाको युवा संघमै रहेको बताएका थिए ।


जसपाका नेताहरू विभिन्न पार्टीमा प्रवेश गरेपछि नेतृत्वका हिसावले अब थाहा नगरमा जसपा लगभग रित्तो देखिएको छ । समाजवादीको जिल्ला नेतृत्वले फेरि थाहा नगरमा जसपाको संगठन विकास र विस्तार गर्न चुनौति देखिएको छ ।

कोरोना संक्रमणदर घटेको मात्र हो: पूर्णरुपमा हटेको छैन । त्यसैले सचेत र सतर्क रहौं । विद्यालय तथा अन्य जमघटमा जाँदा स्वास्थ्य मापदण्ड अनिवार्य पालना गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

*उपभोग्य वस्तु खरिद गर्दा उपभोग्य मिति हेरेर मात्र खरिद गरौं ।*

– विकास खबरपत्रिका




● दिगो विकास मल्टिमिडिया (प्रा.) लि.द्वारा प्रकाशित ● मुद्रण : श्रीया अफसेट प्रेस हेटौंडा ● कार्यालय : थाहा–४, मकवानपुर ● इमेल: bikaskhabar@gmail.com ● सम्पादक : कुमार नेगी